**आकाशवाणी समाचार- नेपाली**
**मितिः १५ सितम्बर २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले बिहिबार नयाँ दिल्लीको यशोभूमिमा सेमीकॉन इंडिया-2026 को पांच औ संस्करणको उद्घाटन गर्नु हुनेछ।

- केंद्रीय गृह तथा सहकारिता मंत्री अमित शाहले भन्नुभयो छत्रपति शिवाजी महाराजले स्वराज, स्वधर्म अनि स्वभाषालाई स्वराजको मूल तत्व बनाए।

- अमरीकाका एक विश्लेषकले नयाँ दिल्लीमा आयोजित 18 औ ब्रिक्स शिखर सम्मेलन खुबै सफल बताएको छ।

- विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरले भन्नुभयो, भियतनाम भारतको 'एक्ट ईस्ट पोलिसी', 'भिजन ओसन' र इन्डो-प्यासिफिक भिजनमा एक प्रमुख साझेदार हो।

- पुरुष क्रिकेटमा, भारतले आज दिल्लीको अरुण जेटली स्टेडियममा अफगानिस्तान बिरुद्ध दोस्रो टी20 अंतर्राष्ट्रीय मैच खेल्नेछ।

**प्रधानमंत्री-सेमीकॉन इंडिया**

प्रधानमंत्री नरेंद्र मोदीले बिहिबार नयाँ दिल्लीको यशोभूमिमा सेमीकॉन इंडिया-2026 को पांच औ संस्करणको उद्घाटन गर्नु हुनेछ। यस आयोजनमा 600 भन्दा अधिक भागीदार, 300 अंतरराष्ट्रीय कंपनीहरु अनि 40 भन्दा अधिक देशका प्रतिनिधिमंडलले भाग लिने छन्। प्रदर्शनीमा छ देशहरु अनि 12 राज्य सरकारहरुको पवेलियन अनि एक विशेष स्टार्टअप पवेलियन हुनेछ। सेमीकॉन इंडिया भारतका प्रमुख सेमीकंडक्टर सम्मेलन अनि प्रदर्शनी हो। यसको संयुक्त आयोजन इंडिया सेमीकंडक्टर मिशन, इलेक्ट्रॉनिक्स तथा सूचना प्रौद्योगिकी मंत्रालय अनि सेमी मिलेर आयोजित गर्दछ। यो वैश्विक सेमीकंडक्टर अनि इलेक्ट्रॉनिक्स क्षेत्रलाई एक मंचमा ल्याउने तथा सहयोग, नवाचार, विनिर्माण, निवेश अनि प्रतिभा विकासलाई बढ़ावा दिने प्रमुख मंच हो। तीन दिनको सम्मेलनमा पैनल चर्चाहरु अनि महत्वपूर्ण सत्र आयोजित गरिने छ। जसमा सेमीकंडक्टर विनिर्माण अनि प्रौद्योगिकी सहित सेमीकंडक्टर अनि इलेक्ट्रॉनिक्स क्षेत्रको उदयमान रुझानहरु अनि महत्वपूर्ण विषयहरुमा चर्चा हुनेछ। यो आयोजन भारतीय अनि अंतरराष्ट्रीय कंपनिहरुलाई साझेदारी, निवेश, प्रौद्योगिकी सहयोग अनि आपूर्ति श्रृंखलासित सम्बन्धित अवसरको खोजि गर्न महत्वपूर्ण अवसर प्रदान गर्नेछ। जसमा विश्वसनीय वैश्विक सेमीकंडक्टर साझेदारको रूपमा भारतको स्थिति अझ मजबूत हुनेछ।

**अमित शाह-हिंदी दिवस**

केंद्रीय गृह तथा सहकारिता मंत्री अमित शाहले भन्नुभयो छत्रपति शिवाजी महाराजले स्वराज, स्वधर्म अनि स्वभाषालाई स्वराजको मूल तत्व बनाए।

आज मुंबईमा हिंदी दिवस-2026 अनि छैटौ अखिल भारतीय राजभाषा सम्मेलनलाई संबोधित गर्दै श्री शाहले महाराष्ट्रको समृद्ध भाषाई अनि सांस्कृतिक विरासतलाई रेखांकित गर्नुभयो। उहाँले भन्नुभयो शिवाजी महाराजले प्रशासनमा मराठीलाई प्रमुख स्थान

दिए अनि भाषामा पारिभाषिक शब्दावलीको समृद्ध भंडार तयार गरे, जो हिंदवी स्वराज अवधिको शासन व्यवस्थाको महत्वपूर्ण आधार बन्यो। हिंदी दिवस अनि गणेश चतुर्थीको शुभकामना दिदै श्री शाहले भन्नुभयो दुवै पर्व एकै दिन पर्नु 'मणिकांचन योग' हो। उहाँले देशभक्ति अनि राष्ट्रीय चेतनालाई बढ़ावा दिन लोकमान्य तिलक द्वारा गणेश उत्सवलाई लोकप्रिय बनाउनमा निभाइएको भूमिकाल;लाई पनि याद गर्नुभयो कार्यक्रममा हिंदी शब्द संसाधन, टाइपिंग अनि आशुलिपि प्रशिक्षण कार्यक्रमको शुभारंभ गरियो। यसका साथै, राजभाषा कीर्ति अनि राजभाषा गौरव पुरस्कार प्रदान गरियो तथा 'वंदे मातरम्' सहित धेरै पुस्तकहरुको विमोचन गरियो।

गृहमंत्रीले भन्नुभयो बंकिम चंद्र चट्टोपाध्याय द्वारा रचित 'वंदे मातरम्' ले भारतको चेतनालाई जागृत गर्ने अनि सांस्कृतिक राष्ट्रवादलाई मजबूत गर्नमा ऐतिहासिक भूमिका निभाएको छ। उहाँले भन्नुभयो 'वंदे मातरम्' को 150 औ वर्षको अवसरमा महाराष्ट्रमा आयोजित कार्यक्रमले हिंदी अनि अन्य भारतीय भाषाहरुलाई बढ़ावा दिनमा महत्वपूर्ण योगदान दिनेछ। श्री शाहले महाराष्ट्रको बहुभाषी पहिचानको पनि उल्लेख गर्नुभयो अनि भन्नुभयो प्रधानमंत्री नरेन्द्र मोदीले मराठीलाई शास्त्रीय भाषाको दर्जा प्रदान गर्नेछ।

**<u>अमरीका-ब्रिक्स</u>**

अमरीकाका एक विश्लेषकले नयाँ दिल्लीमा आयोजित 18 औ ब्रिक्स शिखर सम्मेलन खुबै सफल बताएको छ। उहाँले दिल्ली घोषणा-पत्र फरक फरक विचार भएका देशहरु बीच आम सहमति बनाउने भारतको क्षमतालाई दर्शाउदछ। अटलांटिक काउंसिलमा दक्षिण एशिया मामिलाका वरिष्ठ फेलो माइकल कुगेलमैनले भन्नुभयो यो घोषणा-पत्रले भारतको बढ़दो वैश्विक समन्वय क्षमता अनि ब्रिक्सको बढ़दो स्वीकार्यतालाई दर्शाउदछ। भारतको अध्यक्षतामा नयाँ दिल्लीमा आयोजित दुइ दिनको शिखर सम्मेलनको समापन हिजो भयो। जसमा 11 प्रमुख उदाउँदो अर्थव्यवस्थाहरु सामेल भए, जसले बिश्वको लगभग आधा जनसंख्या अनि लगभग 40 प्रतिशत वैश्विक सकल घरेलू उत्पादको प्रतिनिधित्व गर्दछ। शनिवार सर्वसम्मतिले नयाँ दिल्ली घोषणा-पत्रलाई अपनाइयो। रूसका राष्ट्रपति व्लादिमीर पुतिन अनि चीनका राष्ट्रपति षी चिनफिंग सहित कयौ देशका नेताहरु यसमा सामेल भए। घोषणा-पत्रमा एकतर्फी शुल्क अनि गैर-शुल्क उपायहरुमा गंभीर चिंता व्यक्त गरियो। यस्ता उपायले जसले वैश्विक व्यापारलाई प्रभावित गर्दछ अनि विश्व व्यापार संगठनको नियमहरुको उल्लंघन गर्दछ। घोषणा-पत्रमा आतंकवादसित जुझ्न, संघर्षहरुको रोकथाम विवादहरुको शांतिपूर्ण समाधानका लागि सहयोगको आवश्यकतामा पनि बल दिइयो।

**<u>गुजरात- विश्व आर्थिक मंच</u>**

प्रतिष्ठित **'विश्व चक्रीय अर्थव्यवस्था मंच 2026'** आजदेखि गुजरातको गांधीनगर स्थित महात्मा मंदिरमा शुरू हुनेछ। दक्षिण एशियामा पहिलो पल्ट आयोजित भइरहेको यस सम्मेलनको संयुक्त उद्घाटन केंद्रीय पर्यावरण, वन एवं जलवायु परिवर्तन मंत्री भूपेंद्र यादव अनि गुजरातका मुख्यमंत्री भूपेंद्र पटेलले गर्नेछन्। **'चक्रीय अर्थव्यवस्था: जन अनि समृद्धिका लागि परिवर्तन'** विषयमा आयोजित यस कार्यक्रममा 65 भन्दा अधिक देशका 2,000 भन्दा अधिक हितधारकहरुले भाग लिनेछन्।

**Byte**

**<u>झारखंड- सीआईडी परीक्षा</u>**

झारखण्डमा सीआईडीले झारखण्ड लोक सेवा आयोग (जेपीएससी) को १४ औं प्रारम्भिक परीक्षामा कथित अनियमितताको आरोपमा एक कोचिंग सेन्टरका मालिक सञ्जीत कुमारलाई पक्राउ गरेको छ।राँचीको रातु रोड क्षेत्रबाट शिवांगन कोचिङ चलाउँदै आएका सञ्जीतमाथि एजेन्ट भएको र परीक्षा पास गर्ने आश्वासन दिएर उम्मेदवारहरूबाट पैसा असुलेको आरोप छ।

J.S.S.SC सीजीएल। परीक्षा अनियमितता मामिलामा एक अलग कारबाहीमा, सीआईडीले पश्चिम बंगालको पश्चिम बर्दवानको पूर्वी केन्डा कोलोनीबाट वांछित अभियुक्त दिलीप कुमार पासवानलाई पनि पक्राउ गरेको छ। अभियुक्तमाथि जेएसएससीको परीक्षा दिएका धेरै उम्मेदवारहरूलाई अनुचित सहयोग गरेको आरोप छ र अभियुक्तलाई न्यायिक हिरासतमा पठाइएको छ।

**यूपीआई भुगतान**

सरकारले युनिफाइड पेमेन्ट इन्टरफेस (यूपीआई) द्वारा सञ्चालित डेबिट कार्ड र रुपे कार्डमा दुई हजार रुपैयाँसम्मको कारोबार वा भुक्तानीमा शुल्क लिन नपाउने व्यवस्था गरेको छ ।सरकारी राजपत्रमा जारी सूचनाअनुसार कुनै पनि बैंक वा भुक्तानी प्रणाली प्रदायकले यी च्यानलबाट कारोबार गर्ने व्यक्तिमाथि कुनै पनि प्रत्यक्ष वा अप्रत्यक्ष शुल्क लिन पाउँने छैनन् ।वित्त मन्त्रालयले यूपीआई लेनदेनमा शुल्क सम्बन्धी नियमहरू स्पष्ट गर्न भुक्तानी र सेटलमेन्ट सिस्टम एक्ट अन्तर्गत यी परिवर्तनहरूलाई अधिसूचित गरेको छ। यसमा डेबिट कार्ड र यूपीआईको माध्यमबाट दुई हजार रुपैयाँसम्मको लेनदेन, विशेष गरी रुपे द्वारा संचालित लेनदेनलाई इलेक्ट्रोनिक भुक्तानी मोडको रूपमा वर्गीकृत गरिएको छ | गत महिना , सरकारले स्पष्ट गरेको थियो कि उपभोक्ताहरुबाट यूपीआई भुगतानमा शुल्क लिइने छैन । भविष्यमा लागू हुने कुनै पनि मर्चेन्ट डिस्काउन्ट दर (एमडीआर) तोकिएको थ्रेसहोल्ड भन्दा माथिको लेनदेनमा सीमित हुनेछ । यो शुल्क डेबिट वा क्रेडिट कार्डको कारोबारमा लागू हुने एमडीआरभन्दा निकै कम हुनेछ । यो स्पष्टीकरण भुगतान र सेटलमेन्ट प्रणाली अधिनियम, 2007 मा भर्खरै संशोधनमा चलिरहेको बहस बीच आएको हो , जसमा यूपीआई उपयोगकर्ताहरुमाथि शुल्क लगाउने संभावनालाई लिएर चिंता जताईएको थियो ।

**जयशंकर- भारत वियतनाम**

विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरले भन्नुभयो, भियतनाम भारतको 'एक्ट ईस्ट पोलिसी', 'भिजन ओसन' र इन्डो-प्यासिफिक भिजनमा एक प्रमुख साझेदार हो। नयाँ दिल्लीमा व्यापार, आर्थिक, वैज्ञानिक र प्राविधिक सहयोगसम्बन्धी भारत-भियतनाम संयुक्त आयोगको १९ औँ बैठकको सह-अध्यक्षता गर्नुहुदै डा. जयशंकरले भन्नुभयो, भियतनाम आसियानसँग व्यापक रणनीतिक साझेदारीको ढाँचामा एक महत्त्वपूर्ण साझेदार हो|उहाँले भन्नुभयो, यो बैठक सम्झौताहरूको कार्यान्वयनको समीक्षा गर्ने र दुवै देशका लागि उच्च तहको राजनीतिक गतिशीलतालाई ठोस र मूर्त परिणाममा अनुवाद गर्ने अवसर हो। विदेशमंत्रीले तीन वर्षअघि संयुक्त आयोगको पछिल्लो बैठकपछि द्विपक्षीय सम्बन्धमा धेरै प्रगति भएको बताए ।साथै, उहाँले दुई देशबीचको भ्रमणले द्विपक्षीय सम्बन्धलाई 'उन्नत व्यापक रणनीतिक साझेदारी' को स्तरमा लिएर जानमा मद्दत गरेको बताउनुभयो ।जयशंकरले भियतनामका विदेश ले होआङ ट्रुङ सँग पनि भेटवार्ता गर्नुभयो। बैठकमा विस्तारित व्यापक रणनीतिक साझेदारी अन्तर्गत द्विपक्षीय सम्बन्धका सबै पक्षहरूको समीक्षा गरियो। दुवै पक्षले आपसी हितका क्षेत्रीय र विश्वव्यापी विकासहरूबारे छलफल गरे।
कूटनीतिक सम्बन्धको ५५ वर्ष पुगेको उपलक्ष्यमा आगामी वर्षलाई 'भारत–भियतनाम मैत्री वर्ष'का रूपमा मनाउने सहमति भएको छ ।

**क्रिकेट- भारत/अफगानिस्तान**

पुरुष क्रिकेटमा, भारतले आज दिल्लीको अरुण जेटली स्टेडियममा अफगानिस्तान बिरुद्ध दोस्रो टी20 अंतर्राष्ट्रीय मैच खेल्नेछ। मैच भारतीय समयानुसार बेलुकी **साढे सात** बजे शुरू हुनेछ। आइतबार खेलिएको पहिलो मैचमा सात विकेटले शानदार जीते पछि भारत तीन मैचहरुको श्रृंखलामा **एक-शून्य ले अघि छ**।